# EAHP-ESCP
# Oath to Society





Photo: Dutch Association of Hospital Pharmacists (NVZA)

## म एउटटा फर्मेसिष्टको नाताले समाजको सेवाको निम्ति प्रतिज्ञा गर्छु कि

- सबैमा विनाभेदभाव समानरूपमा र सम्मनजनक ढङ्गले व्यवहार गर्नेछु ।
- आफ्नो उच्च नैतिक स्तर कायम गर्दै मप्रति विश्वास गर्ने हरव्यक्तिको स्वास्थ्य र उनका निजी सूचनाहरूको पूर्ण सम्मान तथा सुरक्षा गर्नेछु ।
- आफ्नो योग्यता, क्षमता तथा अनुभवलाई सहकर्मीहरूमाझ आदानप्रदान गर्दै व्यक्तिकेन्द्रित उपचारमा हरसम्भव सर्वोत्तम उपलब्धिको लागि प्रयत्न गर्नेछु ।
- बिरामीको रोग पहिचान गरी उनको स्वास्थ्यलाभको निम्ति उचित व्यवहार गर्दै जनस्वास्थ्यको निम्ति तत्पर रहनेछु ।
- बिरामीका सुसारेहरू र त्यहाँ कार्यरत सहकर्मी टीमलाई प्रशिक्षित गरी  बिरामीको निम्ति दिइएका औषधिको नकारात्मक प्रभावबारे सोधपुछ गर्दै उपचारमा सर्वोत्त उपायहरू अवलम्बन गर्नेछु ।
- स्वास्थ्योपचारमा प्राप्त वैज्ञानिक अनुभवहरूलाई अनुसरण गर्दै आफ्नो सिकाइ र व्यावसायिक निपुणतालाई आजीवन चलिरहने प्रक्रियाको रूपमा लिनेछु ।
- उपचारमा सावधानी र सुनिश्चितता अपनाउँदै तथा औषधिको हानिकारक प्रभावबारे सतर्कतासाथ अनुगमन गर्दै उपचारको उत्तम विधि अपनाई  बिरामीको सुरक्षा तथा औषधिको सहुलियत र प्रभावकारितामा पूर्ण ध्यान दिनेछु ।
- बिरामीको व्यक्तिगत आवश्यकताअनुरूप उनलाई औषधि उपलब्ध गराउनेछु ।
- औषधिको प्रयोग तथा अनुसन्धानको क्षेत्रमा भएका नवीनतम तथा स्तरीय औषधिको प्रयोगको लागि प्रशिक्षित र प्रोत्साहित गर्नेछु ।
- फार्मेसीको भावी जनशक्तिलाई शिक्षा तथा तालिम उपलब्ध गराउनेछु ।
- स्वास्थ्यकर्मी, वैज्ञानिक, बिरामी समुदाय, स्वास्थ्यप्रशासन तथा जनतामा औषधिको ठिक प्रयोगको लागि प्रोत्साहित गर्नेछु ।



